आज मिति २०८२ साल पुष १७ गते विहीबारका दिन बिहान ११:०० बजे यस पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा यस पञ्चकन्या गाउँकार्यपालिकाको बैठक बसी देहाय अनुसारका प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री माहानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री रामशरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सञ्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधब प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री सुशिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | Chandrawati |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज वि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

Scanned with CamScanner

निर्णय नं. १,

पञ्चकन्या गाउँपालिकाको १९ औं (हिउँदे) गाउँसभा मिति २०८२/०९/२४ गते विहीबारका दिन दिनको ११:०० बजे देहायअनुसार हुने गरी कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

| मिति र समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै. |
|---|---|---|---|
| | सभा व्यवस्थापन व्याज र राष्ट्रिय गान,माइन्युट र कार्यसूची बमोजिम सहजीकरण (प्रशासन शाखा) | | |
| २०८२/०९/२४<br>११:०० बजे | १९ औं गाउँसभाको कार्यसूची प्रस्ताव प्रस्तुती र सो सन्दर्भमा शुभकामना मन्तव्य साथै समय उपलब्ध | सभाध्यक्षज्यू | |
| २०८२/०९/२४<br>११:३० बजे | योजना तथा कार्यक्रमहरुको रकमान्तर, विनियोजन रकम संशोधन लगायतका कार्यपालिकाबाट भएका निर्णय र भौतिक पूर्वधार विकास क्षेत्रमा भएका कार्यसम्पादनको प्रस्तुती | पूर्वाधार विकास समिति, संयोजक<br>१ नं. वडाका वडा अध्यक्ष श्री माहानन्द ढकाल | |
| २०८२/०९/२४<br>१२:३० बजे | आ.व.२०८२/०८३ को वित्तीय तथा आर्थिक कार्यसम्पादनको प्रस्तुती | आर्थिक विकास समिति, संयोजक<br>२ नं. का वडाका वडा अध्यक्ष श्री राम शरण श्रेष्ठ | |
| २०८२/०९/२४<br>१:०० बजे | यस आ.व.मा शिक्षा युवा तथा खेलकुद शाखा, कृषि तथा पशु शाखा,लगायत सामाजिक क्षेत्रमा भएका कार्यसम्पादनको प्रस्तुती | सामाजिक विकास समिति,संयोजक<br>३ नं.का वडाका वडा अध्यक्ष श्री रामबाबु पराजुली | |
| २०८२/०९/२४<br>२:०० बजे | हाल सम्म वातावरण र विपद् व्यवस्थापनमा भएका कार्यसम्पादनको प्रस्तुती | वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक<br>४ नं. वडाका वडा अध्यक्ष श्री सञ्च तामाङ | |
| २०८२/०९/२४<br>२:३० बजे | सामाजिक सेवा तथा सुशासनको क्षेत्र गाउँ कार्यपालिका र मातहतका कार्यालयहरुको हाल सम्म भएका कार्यसम्पादनको प्रस्तुती । | सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक<br>५ नं. वडाका वडा अध्यक्ष श्री माधव प्रसाद सिटौला | |
| २०८२/०९/२४<br>३:०० बजे | हाल सम्म बनेका कानूनहरुको अनुमोदनको लागि प्रस्तुती। | कार्यपालिका सदस्य श्री चन्द्रावती श्रेष्ठ | |
| २०८२/०९/२४<br>३:३० बजे | न्यायिक समितिले यस आ.व.मा गरेको प्रगति र अनुगमन क्षेत्रमा भएका कार्यसम्पादनको प्रस्तुती | न्यायिक समितिका संयोजक<br>गा.पा. उपाध्यक्ष श्री बिमला के.सी. | |
| २०८२/०९/२४ | सभाको विधिवतरुपमा समापनको घोषणा | सभाध्यक्षज्यू | |

Scanned with CamScanner

**निर्णय नं. २,**

खानीजन्य पदार्थको उत्खनन् निकासी तथा बिक्री सम्बन्धि कार्यविधि, २०८२ को निर्माण सम्बन्धी बस्तुको रोयल्टी संकलन गर्ने सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०८२/०९/१४ को निर्णय नं. २ लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३,**

आर्थिक ऐन, २०८२ मा केही समसामयिक विषय थप गर्नुपर्ने देखिएकोले राजश्व परामर्श समितिको मिति २०८२/०९/१४ को निर्णय नं. ५ बमोजिमको राजश्वका शिर्षक समेट्न आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको पुरक विधेयक आगामी सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४,**

यस पञ्चकन्या गाउँपालिकाको कार्यालय र अन्तर्गतमा कार्यरत करारका कर्मचारीको स्थानमा तत्काल स्थायी पदपूर्ति हुने सम्भावना नभएकोले सो पदहरुमा स्थायी पदपूर्ति भई आएमा सोही समय देखि करार म्याद समाप्त हुने गरी वा अर्को व्यवस्था केही गर्नु पर्ने नभएमा बढीमा ६ महिनाका लागि करार म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५,**

यस गाउँपालिकको वडा नं. ३ स्थित घलेभञ्ज्याङस्थित स्वागत गेट निर्माण कार्यमा केही कार्य रोकिने भएकोले सो का लागि पुँजीगत तर्फको आकस्मिक तथा भैपरी आउने शिर्षकबाट रकमान्तर हुने गरी रु. ७५,०००/- सोही शिर्षकमा थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ६,**

यस कार्यालयमा कार्यरत लघु उद्यम सहजकर्ताले राजीनामा दिई सेवाबाट अलग हुनु भएकोले सो स्थानमा सहायक स्तर चौथो तह र संविधानमा उल्लेख स्वास्थ्यको हक सम्बन्धी मौलिक हकको रुपमा आयुर्वेदसँग सम्बन्धित सेवा समेत पर्ने भएकोले सोसँग सम्बन्धित सेवा प्रवाह गर्न एक जना स्वास्थ्य सेवा अन्तर्गत सहायक स्तर चौथो (वैध) लाई अर्को व्यवस्था नभएसम्म करारमा लिन नियमानुसार विज्ञापन आह्वान गरी पदपूर्ति गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ७,

देहायबमोजिमका ऐन कानूनहरुः-

१. पञ्चकन्या गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ लाई अनुमोदनका लागि सभामा लैजान स्वीकृति प्रदान गर्ने।

२. पञ्चकन्या गाउँपालिकाको बेरुजु फर्छ्यौट कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने ।

३. पञ्चकन्या गाउँपालिका लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने।

४. पञ्चकन्या गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि, २०८२स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ८,

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि नयाँ उद्यमी गठन तथा सञ्चालनका लागि वडा नं. २ र ४ मा लागु गर्ने र पुनर्ताजगी प्रकृतिको कार्यक्रम लगायत यस अघि गठित संस्थासँग सम्बन्धित कार्यक्रमलाई वडा नं. १, ३, ५ समेतमा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ९,

गत आ.व. मा सञ्चालन भएको राष्ट्रपति रनिङशिल्ड र चेयरमेन कपको अपुग रकम रु. ८५,०००/- यस चालु आ.व. ०८२/८३ मा दिईने गरी दायित्व सारिएकोले सो शिर्षकमा रु. ८०,०००/- रकम चालु प्रकृतिको आकस्मिक तथा भैपरी शिर्षकबाट रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १०,

चिया खेती अध्ययन अवलोकन भ्रमण कार्यक्रमका लागि चालु आ.व. ०८२/८३ विनियोजित रकम रु. ३,००,०००/- रकम अभाव हुने देखि सम्बन्धित शाखाबाट प्रस्तावसहित पेश भएबमोजिम अध्ययक्षस्तरको निर्णयबाट रु. २,००,०००/- चालु तर्फको आकस्मिक तथा भैपरी आउने शिर्षकबाट सोही शिर्षकमा थप हुने गरी रकमान्तर गर्ने र आगामी सभाबाट अनुमोदन गराउने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ११,**

यस आ.व. मा सञ्चालन हुने गरी स्वीकृत कार्यक्रम र बजेटहरु विभिन्न समस्या तथा कठिनाईका कारण कार्यान्वयन गर्न समस्या जनाई वडा कार्यसमितिले समेत निर्णय गरी पठाएका देहायका योजनाको रकम रकमान्तर, शिर्षान्तर र शिर्षक परिवर्तन हुने गरी निर्णय गरियो।

## <u>तपसिल</u>

| क्र.सं. | शिर्षक | रकम | रकमान्तर हुने शिर्षक र रकम | रकम | कै. |
|---|---|---|---|---|---|
| १. | नामरुन देवी आ.वि. विद्यालय भवन मर्मत तथा आवश्यक सामग्री खरिद | रु. १ लाख ७५ हजार | नामरुन देवी आ.वि. विद्यालय भवन मर्मत | रु. १ लाख ७५ हजार | वडा नं. ५ |
| २. | विविध आकस्मिक भैपरी आउने पुँजिगत प्रकृतिका योजना कार्यक्रम सञ्चालन रकम रु. ५ लाखबाट | | सुन्दरादेवी मन्दिर रङरोगन तथा चौर निर्माण | रु. १ लाख | वडा नं. ४ |
| | | | घ्याङ्स्वारा खेलमैदान बाटो र चौर निर्माण | रु. १ लाख ५० हजार | |
| ३. | बाटुले बगर चम्टारी मरण पाटी मर्मत रकम | रु. ५० हजार | चम्टारी कोषगाढे मोटरबाटो निर्माण | रु. १ लाख | |
| ४. | व्यक्तिगत घटना दर्ता पञ्जीकरण अभिमुखिकरण | रु. ५० हजार | | | |
| ५. | सुन्दरादेवी मन्दिर रङरोगन रकम | रु. ५० हजार | कुलकुले वडा कार्यालय घर्तिरुम्टा सडक सोलिङ | रु. ५० हजार | |
| ६. | खे बहादुर रैकर पदमार्ग निर्माण (राष्ट्रिय रोजगार साझेदार) | | खे बहादुर रैकर सडक निर्माण (राष्ट्रिय रोजगार साझेदार) | | वडा नं. २ |
| ७. | भुमेश्वर महादेव मन्दिर मर्मत तथा व्यवस्थापन | | कुम्भेश्वर महादेव मन्दिर परिसर निर्माण | | |
| ८ | सिम्ले फाँट पहिरो नियन्त्रण | रु.१ लाख ५० हजार | वडा कार्यालय परिसर संरक्षण तथा भवन मर्मत | रु.१ लाख ५० हजार | |
| ९. | संघसंस्था बालक्लब तथा युवाक्लब | | आई. आर. डि. पञ्चकन्या १ | रु. १ लाख ५० हजार | |
| १०. | विद्यालय | | ईन्द्रायणी माध्यमिक विद्यालय | रु. २ लाख २५ हजार | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | आँपचौर आधारभूत विद्यालय | रु. १ लाख २५ हजार | |
| ११. | राष्ट्रिय रोजगार कार्यक्रम | बाँनियाँटार सामुदायिक चक्ला पार्कका लागि ग्याबिन बक्स खरिद तथा ढुंगा भर्ने कार्य | रु. २ लाख | |
| १२. | मठमन्दिर पाटीपौवा तथा प्रतिक्षालय निर्माण | आँपचौर प्रतिक्षालय निर्माण | रु. २ लाख | |
| १३. | सिंचाई लिफ्ट सिंचाई मर्मत तथा पारिश्रमिक | बाँनियाटार लिफ्ट सिंचाई मर्मत तथा निर्माण | रु. १ लाख ५० हजार | |
| १४. | सडक बत्ति मर्मत तथा खरिद | आँपचौर लिखु बगर फगटेसम्म नयाँ ट्र्याक निर्माण | रु. १ लाख | |

निर्णय नं. १२,

बर्षातको समयमा पालिकाभित्रका मुख्य सडकहरु बाढी र पहिरोका कारण अवरुद्ध भएकोले तत्काल खुलाउन सरसफाई आवश्यक भएकोले उक्त कार्य सम्पन्न गरिएकोले सो को भुक्तानी पुंजीगत आकस्मिक तथा भैपरी शिर्षकबाट दिने गरी मिति २०८२/०६/३१ मा निर्णय भएकोले सो का लागि नियमानुसार प्राविधिक स्टिमेट, नापी तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा रु. ५,७५,०००/- भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १३,

तामाङ समुदायले नयाँ वर्ष आगमनको रुपमा मनाउँने मञ्जु श्री संवत २८६२ औ सोनाम ल्होछार (ता ल्हो-घोडा) को अवसरमा तामाङ समुदाय लगायत सबै नेपाली दाजुभाई दिदीबहिनीहरुमा सु-स्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै यस पालिका र मातहतका सम्पूर्ण कार्यालय, शैक्षिक संस्थाहरु लगायत अन्य संघ संस्थाहरुमा मिति २०८२/१०/०३ देखि ०५ सम्म स्थानीय पर्व विदा दिने निर्णय गरियो।

निर्णय नं. १४,

आ.व. ०८२/८३ को विजय दशमी र दीपावलीको अवसरमा पञ्चकन्या गाउँपालिकाको कार्यालय र पञ्चकन्या अस्पतालमा सार्वजनिक विदा अवधिभर पालोपहरा एवं सुरक्षार्थ

Scanned with CamScanner

खटाईएका कर्मचारीहरुलाई विविध चाडपर्व खर्च शीर्षकबाट दैनिक खाजा, खाना वापत रु. ५००/- का दरले रकम उपलब्ध गराउँने निर्णय गरियो।

**निर्णय नं. १५,**

पञ्चकन्या गाउँपालिका र आर.एस.ए कन्स्ट्रक्सन प्रा.लि. तार्केश्वर बीच भएको ठेक्का नं. PRM/ROAD/04/081-81 मा उत्पन्न विवादको समाधानका सम्बन्धमा सम्मानित अदालतबाट मध्यस्थताको माध्यमबाट टुङ्ग्याउने गरी भएको निर्णयानुसार मध्यस्थता समेत गठन भईसकेको छ। सो सम्बन्धमा विवादको समाधानको कारवाही प्रारम्भ हुनुपूर्व मध्यस्थता शुल्क र प्रशासनिक खर्च वापतको रु. १,८०,३०४/- दाखिला गर्नुपर्ने भएकोले सो शिर्षकमा बजेट विनियोजन नभएकोले सूचना तथा सञ्चार प्रविधि प्रकाशन/प्रशारण, ईन्टरनेट सेवा शुल्कबाट कानूनी परामर्श, मध्यस्थता तथा प्रशासनिक सेवा शुल्कमा रु. ५,००,०००/- रकम रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं. १६,**

यस गाउँपालिका र वडा कार्यलयमा कार्यरत कार्यालय सहयोगी, माली, खानेपानी हेरालु, सुरक्षाकर्मी, हलुका सवारी चालकहरुको स्थायी पदपूर्ति नहुने साथै स्वास्थ्य क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीहरुको तत्कालै स्थायी पदपूर्ति हुने सम्भावना नभएकोले यस आ.व. ०८२/८३ को बाँकी अवधिको लागि आवश्यकतानुसार करार म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. १७,**

यस गाउँपालिका र वडा कार्यालयमा संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषबाट तलब भत्ता प्राप्त गर्ने गरी करार सेवामा कार्यरत अप्राविधिक, प्राविधिक, कृषि, स्वास्थ्य र पशु सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको स्वीकृत कार्यविधि अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

**अन्य बिषय नभएकोले आजको बैठक समापन गरियो।**

Scanned with CamScanner